जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २१९ • २०८३ जेठ १६ गते शनिवार • 30 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## मधेश प्रदेश सरकारद्वारा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नीति तथा कार्यक्रम सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १५ जेठ



मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रममा विकास, रोजगारी, कृषि, स्वास्थ्य, शिक्षा, वातावरण र प्रविधिलाई केन्द्रमा राख्दै विभिन्न आकर्षक नारामार्फत आफ्नो प्राथमिकता सार्वजनिक गरेको छ। शुक्रबार प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले प्रदेशसभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा 'मेड इन मधेश, समृद्ध प्रदेश'लाई मूल नाराका रूपमा अघि सारिएको छ।

सरकारले प्रदेशको भौगोलिक अवस्थिति, विशिष्ट पहिचान र जनसांख्यिक लाभको उपयोग गर्दै समृद्ध मधेश निर्माण गर्ने प्रतिबद्धता जनाएको छ । सरकारले 'उत्पादनशील मधेश, आत्मनिर्भर देश' अभियानमार्फत कृषि उत्पादन वृद्धि र खाद्यान्नमा आत्मनिर्भरता हासिल गर्ने लक्ष्य अघि सारेको छ । त्यसैगरी 'किसानको शान, मधेशको मखान' नारासहित मखान खेतीको व्यावसायिक विस्तारलाई प्राथमिकतामा राखिएको छ । 'कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार' नारामार्फत जैविक तथा प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिइएको छ भने कृषि यान्त्रीकरण र आधुनिकीकरणका लागि 'कृषि रूपान्तरणको आधार, प्रविधि र पूर्वाधार' कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ । रोजगारी सिर्जनालाई प्राथमिकता दिँदै सरकारले 'आफ्नै प्रदेश, आफ्नै रोजगारी' नारासहित कम्तीमा एक हजार जनालाई रोजगारी दिने लक्ष्य तय गरेको छ । सूचना प्रविधि क्षेत्रमा युवालाई आकर्षित गर्न 'डिजिटल मधेश, प्रविधिमैत्री प्रदेश' अवधारणा अन्तर्गत आइटी हब तथा इन्कुबेसन सेन्टर स्थापना गरिने नीति कार्यक्रममा उल्लेख छ। शिक्षा क्षेत्रमा 'अप्पन बच्चाके स्कुल पठाऊ, साक्षरता के दीप जलाऊ' नारामार्फत सघन साक्षरता अभियान सञ्चालन गरिने भएको छ। त्यस्तै 'शिक्षित छोरीः सुरक्षित मधेश, उद्यमशील नारीः समृद्ध प्रदेश' नारासहित पुरानो 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमलाई परिमार्जन गरिएको सरकारले जनाएको छ । महिला सशक्तीकरणलाई पनि प्राथमिकतामा राख्दै 'महिलाको सिप र साहस, मधेश विकासको विश्वास' कार्यक्रममार्फत महिलालाई सीप, प्रविधि र सहुलियतपूर्ण वित्तीय पहुँच उपलब्ध गराइने नीति ल्याइएको छ । साथै 'समावेशी समाज, सशक्त मधेश' नाराअन्तर्गत महिला, दलित, युवा, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायलाई लक्षित स्वरोजगार कार्यक्रम सञ्चालन गरिने भएको छ । स्वास्थ्य क्षेत्रमा 'पूर्ण खोप, सुरक्षित मातृत्व र सन्तुलित आहारः स्वस्थ र समृद्ध मधेशको मुख्य आधार' नारासहित मातृ-शिशु स्वास्थ्य तथा पोषण कार्यक्रम विस्तार गरिने भएको छ । 'मेरो स्वास्थ्य-मेरो जिम्मेवारी' अभियानमार्फत स्थानीय तहसँग सहकार्य गरेर गाउँबस्तीसम्म आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने लक्ष्य सरकारले लिएको छ । वातावरण संरक्षणका लागि 'प्लास्टिकमुक्त मधेश, स्वच्छ र स्वस्थ परिवेश' नाराअन्तर्गत एकल प्रयोगका प्लास्टिकमा प्रतिबन्ध लगाउने नीति ल्याइएको छ। त्यस्तै 'एक रुखको नाश, दश रुख विकास' र 'हरित मधेश, जोगाउ प्रदेश' अभियानमार्फत वृक्षारोपणलाई व्यापक बनाइने सरकारको योजना छ।

युवालाई लागुऔषध दुर्व्यसनबाट टाढा राख्न 'खेलकुद रोजौं, लागुऔषध त्यागौं' अभियान अघि सारिएको छ भने खेलकुद पूर्वाधार विस्तार र प्रतिभा पहिचानका कार्यक्रमसमेत नीति तथा कार्यक्रममा समेटिएका छन् । यस्तै, 'विपद् पूर्व तयारीः हाम्रो जिम्मेवारी' नारामार्फत विपद् व्यवस्थापनका लागि एकीकृत प्रणाली विकास गर्ने योजना सरकारले अघि सारेको छ । यातायात क्षेत्रमा 'विद्युतीय सवारी वितरण र विस्तार, श्रमिकलाई रोजगारीको बलियो आधार' नारासहित विद्युतीय सवारी प्रयोगलाई प्रोत्साहन गर्ने तथा सार्वजनिक-निजी साझेदारीमा चार्जिङ स्टेशन स्थापना गर्ने नीति पनि कार्यक्रममा समावेश गरिएको छ।

## विविधतामा एकता,हाम्रो देश नेपालको विशेषता, मूल नाराको साथ ज्ञान गंगाले मनाए १९ औं गणतन्त्र दिवस

सोनी साह
जनकपुरधाम, १५ जेठ



ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलले एक कार्यक्रम वीच विविधतामा एकता,हाम्रो देश नेपालको विशेषता भन्ने मूल नारका साथ विभिन्न कार्यक्रमहरु गरी १९औं गणतन्त्र दिवस मनाएको छ। सो कार्यक्रममा विद्यार्थीहरुले बकतृत्व कला,चित्रकला तथा नृत्यमा सहभागिता जनाएका थिए । कार्यक्रममा विद्यार्थीहरुले १९ औं गणतन्त्र दिवसले सबैलाई समान रुपमा अगाडी बढने अवसर प्रदान गरेका छन् भने यसले समग्र देशका जनतालाई प्रजातान्त्रिक मूल्य र मान्यताको पूर्णरुपमा आभास गराएको तर्क राखेका थिए। साना–साना नानीहरुले समेत विभिन्न किसिमका कविताहरु गुनगुनाएका थिए। सोहि क्रममा विद्यालयको वरिष्ठ शिक्षक विवेकानन्द झाले १८ वर्ष अगाडी २०६५ साल जेठ १५ गते राजतन्त्रको अन्त्य भई देशमा धर्मनिरपेक्षता तथा समावेशिताको जग बसेको देखिन्छ। अहिले सबै जात तथा समुदायले समान अधिकार तथा अवसर पाएका छन् भने देशमा प्रजातान्त्रिक मुल्य र मान्यताको अभ्यास पूर्ण रुपमा पालना भई रहेको बताउनु भयो। त्यसैगरी विद्यालयको प्रधानाध्यापक तथा संस्थापक प्रा.पवन कुमार साहले गणतन्त्र दिवसको अवसरमा सबैलाई हार्दिक बधाई दिनुका साथै हामी विविधतामा एकता खोज्ने वीर सपूत हौं तथा नेपाल र नेपालीको आन,बान र शान अरुले बताइ दिने देशका नागरिक हौ भन्नमा हामीलाई आज गर्व लागेको वहाँले बताउनुभयो । यता विद्यार्थीहरुले चित्रकला अन्तर्गत नेपाल झण्डा तथा अन्य विभिन्न किसिमका चित्रहरु बनाएर देशभक्तिको सन्देश दिएको कुरा शिक्षिका आरती झाले बताउनुभयो । विद्यार्थीहरुले नृत्य समेत गरेर गणतन्त्र दिवसलाई सार्थक तथा उदाहरणीय बनाउनमा सहयोग गरेका थिए।

## किसानबाट खरिद गरेको उखुको सम्पूर्ण रकम भुक्तानी

जलेश्वरटुडे समाचारदाता
सर्लाही, १५ जेठ



सर्लाहीको हरिवनस्थित इन्दुशङ्कर चिनी उद्योगले उखु क्रसिङ सिजन २०८२/८३ मा किसानबाट खरिद गरेको उखुको सम्पूर्ण भुक्तानी गरेको छ । उद्योगले यो वर्ष किसानबाट खरिद गरेको उखुको दुई अर्ब दुई करोड १८ लाख ६४ हजार १६९ रुपियाँ भुक्तानी गरेको उद्योगका प्रशासकीय अधिकृत ठाकुरप्रसाद नेपालले जानकारी दिनुभयो ।

उद्योगले यो वर्ष किसानसँग ३२ लाख ९३ हजार १२३.७९ क्विन्टल उखु खरिद गरेको थियो । सरकारले निर्धारण गरेको मुल्य अनुसार किसानलाई प्रतिक्विन्टल ६२० रुपियाँका दरले सम्पूर्ण किसानको भुक्तानी गरेर सकिएको उद्योगका प्रशासकीय अधिकृत नेपालले बताउनुभयो । सर्लाहीको दक्षिणवर्ती भेगको महालक्ष्मी चिनी उद्योग बगदह गोडैता र अन्नपूर्ण चिनी उद्योग धनकौलले भुक्तानी नदिएर किसान निराश भइरहेको अवस्थामा उत्तरी भेगको इन्दुशङ्कर चिनी उद्योग हरिवनले भने सबैभन्दा अगाडि किसानको सम्पूर्ण भुक्तानी गरेको हो । जेठ १ गते सदरमुकाम मलङ्गवास्थित जिल्ला प्रशासन कार्यालय सर्लाहीमा बसेको बैठकले महालक्ष्मी र अन्नपूर्ण चिनी उद्योगलाई जेठ मसान्तभित्र सम्पूर्ण किसानको भुक्तानी दिन निर्देशन दिइसकेको छ । यी दुई उद्योगले उखु किसानलाई करिव ५० करोड रुपियाँ भुक्तानी दिन बाँकी रहेको बताइएको छ ।

## युनिक गुरुकुल एकेडेमी मधेस प्याब्सनमा प्रवेश

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १५ जेठ

मधेस प्याब्सनद्वारा आयोजित एक कार्यक्रम वीच युनिक गुरुकुल एकेडेमी धनुषा प्रा.लि. आजबाट विधिवत रुपमा मेधस प्याब्सनमा प्रवेश भएको छ।विद्यालयको व्यवस्थापक सरोज कुमार चौधरीलाई सो कार्यक्रममा टीका तथा खाँदा लगाई उपस्थित मधेस प्याब्सनको के.अध्यक्ष अमरेन्द्र झा,के.सल्लाहकार भोला मिश्र,के.सचिव प्रा.पवन कुमार साह,प्रदेश अध्यक्ष मुरारी लाल कर्ण,नगर अध्यक्ष सरोज कुमार साह, लगायतका पदाधिकारीहरुले बधाई दिनुका संगठनमा स्वागत गरेका थिए। कार्यक्रम भक्तिबेदान्ता मिथिला ई.पाठशालामा समपन्न भएको थियो । साथै प्रदेश कार्यसमितिको समेत अधिकारिकता प्रदान गरी तीन सदस्ययीय समिति कायम गरिएको थियो।




## चेतनाको महाज्योति

*धेरै समयसम्म म अल्मलिएँ एउटा यस्तो सुरुङमा,*
*जहाँ न कुनै रङ्ग थियो,*
*न त दिशाको ज्ञान ।*
*भ्रमका अग्ला पर्खालहरूले मलाई यसरी घेरेका थिए कि*
*मैले अज्ञानताको बाक्लो कुइरोलाई नै आफ्नो आकाश ठानेँ,*
*त्यो अँध्यारो यति गहिरो र निस्पट्ट थियो,*
*जहाँ आफ्नै अस्तित्वको धड्कन पनि बिरानो लाग्थ्यो ।*

*****

*तर, शून्यताको त्यो तमस भित्र कतै,*
*एउटा मधुरो छटपटी जीवितै थियो–*
*एउटा मौन प्रश्न, एउटा आन्तरिक विद्रोह !*
*जब मैले बाहिरी संसारका भ्रमित आँखाहरू बन्द गरेँ,*
*तब आत्माको मझेरीमा अचानक एउटा झिल्को बल्यो ।*

*****

*त्यो झिल्को– चेतनाको पहिलो कम्पन थियो,*
*त्यो झिल्को– विवेकको पहिलो किरण थियो ।*

*****

*बिस्तारै, त्यो प्रकाशले भ्रमका पाटाहरूलाई पगाल्न थाल्यो,*
*डर, अहङ्कार र संशयका कुइराहरू क्रमशः उडेर गए ।*
*मैले बुझेँ– अँध्यारो त केवल उज्यालोको प्रतीक्षा मात्र रहेछ,*
*र सत्य त सधैं मभित्रै लुकेको एउटा शान्त तलाउ रहेछ ।*

*****

*अहिले, त्यो सानो झिल्को महाज्योतिमा रूपान्तरित भएको छ,*
*जसले मेरो अन्तस्करणको कुनाकुनालाई आलोकित पारेको छ ।*
*यो ज्ञानको उज्यालो हो, यो बोधिको चमक हो,*
*जसले मलाई सङ्कुचित सीमाहरूबाट मुक्त गरेर असीम आकाश दिएको छ ।*

*****

*अब न त कुनै अन्योल छ, न त हराउने डर,*
*म स्वयं प्रकाश हुँ, म स्वयं गन्तव्य हुँ ।*
*अँध्यारो क्षितिजलाई चिरेर उदाएको यो चेतनाको ज्योति,*
*अब कहिल्यै निभ्ने छैन,*
*यो अनन्तसम्म बलिरहनेछ, बलिरहनेछ ।*

***-जीजीबिशा (सावारी)***

# सिरहाको बरियारपट्टि छोटी भन्सार खारेज भएपछि स्थानीयवासी निरन्तर आन्दोलनमा

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १५ जेठ**

सिरहाको बरियारपट्टि छोटी भन्सार खारेज भएपछि स्थानीयवासी निरन्तर आन्दोलनमा उत्रिएका छन् । भन्सार पुनः सञ्चालन नभएसम्म आन्दोलन जारी रहने आन्दोलन संघर्ष समितिले जनाएको छ ।

गत वैशाख २१ गते भन्सारका कर्मचारीलाई अन्यत्र सरिएपछि स्थानीयवासी आन्दोलित बनेका हुन् । सिरहाको मध्यभागमा पर्ने बरियारपट्टि, औरही गाउँपालिका, सुखीपुर, धनगढीमाई र गोलबजार नगरपालिकाका लाखौं स्थानीयका लागि उक्त छोटी भन्सार दैनिक उपभोग्य सामग्री आयात तथा भारतसँगको 'बेटी-रोटी' सम्बन्धलाई सहज बनाउने माध्यम रहेको आन्दोलन संघर्ष समितिका संयोजक तथा बरियारपट्टि गाउँपालिका-३ का वडाध्यक्ष विनोदकुमार यादवले बताउनुभयो । उहाँका अनुसार भन्सारको स्तरोन्नति हुने अपेक्षा गरिएका बेला खारेजीको निर्णयले स्थानीय जनजीवनमा प्रतिकूल



असर परेको छ । गत फागुन २१ गते राजपत्रमा सूचना प्रकाशित भएपछि वैशाख २२ गते भन्सारका कर्मचारीलाई अन्यत्र सरिएको थियो । त्यसपछि वैशाख २५ गतेदेखि आन्दोलन सुरु भएको हो । वैशाख २६ गते र्‍याली प्रदर्शन, २७ गते दिनभर बजार बन्द तथा जेठ ११ गते पूर्व-पश्चिम राजमार्गको जिरोमाइलमा ठसुलो विरोध प्रदर्शन गरिएको थियो । प्रदर्शनमा औरही गाउँपालिका अध्यक्ष शिवजी यादव, बरियारपट्टि गाउँपालिका अध्यक्ष सन्तोष महतो, धनगढीमाई नगरप्रमुख शिवशंकर महतो, नेकपा (केन्द्र) का केन्द्रीय सदस्य हरिनारायण चौधरी, नेपाली कांग्रेस सिरहा सभापति रामचन्द्र यादवलगायत विभिन्न राजनीतिक दलका स्थानीय नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो । सहभागीहरूले छोटी भन्सार पुनः सञ्चालन नभएसम्म विभिन्न स्वरूपका आन्दोलन जारी राख्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

बरियारपट्टि गाउँपालिका अध्यक्ष सन्तोष महतोले भन्सार सञ्चालन नभए आन्दोलनलाई केन्द्र सरकारका सम्बन्धित निकायसम्म पुर्‍याइने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "बरियारपट्टि भन्सार खारेज गर्नु भनेको हुलाकी सडक क्षेत्रका जनताको रोजीरोटी र जनजीवनमा नकारात्मक असर पार्नु हो । त्यसैले स्थानीय जनता, राजनीतिक दल, व्यापारी, किसान तथा मजदुर सबै एकजुट भएर सरकारलाई दबाब दिने गरी आन्दोलनमा उत्रिनेछन् ।" सिरहा-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य शिवशंकर यादवले पनि बरियारपट्टि भन्सारको स्तरोन्नति गर्ने विषय चुनावी घोषणापत्रमै उल्लेख गरिएको बताउनुभयो । उहाँले स्थानीयको माग जायज भएकाले अर्थ मन्त्रालय तथा सम्बन्धित निकायसँग समन्वय भइरहेको र विषय प्रतिनिधिसभामा समेत उठाइसकेको जानकारी दिनुभयो । आन्दोलनकारीहरूले बरियारपट्टि लगायत अन्य छोटी भन्सार पुनः सञ्चालनका लागि मन्त्रिपरिषद्को निर्णय गरी राजपत्रमा सूचना प्रकाशित गर्नुपर्ने बताएका छन् । केन्द्र सरकारबाट स्पष्ट प्रतिबद्धता नआएसम्म आन्दोलन नरोकिने उनीहरूको चेतावनी छ ।

भन्सार खारेज भएपछि पूर्वमा ठाडी र पश्चिममा माडर भन्सार प्रयोग गरी भारत आउजाउ गर्नुपर्ने बाध्यता बढेको स्थानीय मुकेश यादवले बताउनुभयो । उहाँका अनुसार भन्सार कार्यालय निर्माणका लागि एक कठ्ठा १७ धुर जग्गासमेत उपलब्ध भइसकेको छ ।

# नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिको आफ्नै भवन निर्माण कार्य सुरु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १५ जेठ**



नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिको आफ्नै भवन निर्माण कार्य सुरु भएको छ । जनकपुरधाम उपमहानगरपालिका-४ स्थित महासंघको स्वामित्वमा रहेको जग्गामा एक कार्यक्रमकाबीच भवनको शिलान्यास गरिएको हो ।

भवन निर्माणको शिलान्यास मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतो ले पूजा अर्चना गर्दै गरेका हुन् । कार्यक्रममा बोल्दै मन्त्री महतोले पत्रकार महासंघको भवन निर्माण कार्य सम्पन्न गर्न प्रदेश सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । उनले मधेश प्रदेश सरकारले यसअघि नै भवन निर्माणका लागि २० लाख रुपैयाँ बजेट विनियोजन गरिसकेको उल्लेख गर्दै आगामी बजेटमा समेत आवश्यक रकम छुट्याइने स्पष्ट पारे । सञ्चार क्षेत्रको सुदृढीकरण तथा पत्रकारहरूको संस्थागत विकासका लागि सरकार सकारात्मक रहेको उनको भनाइ थियो । नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले भवन निर्माणका लागि गुठी संस्थानबाट ४ कठ्ठा जग्गा लिजमा प्राप्त गरेको जनाएको छ । जनकपुरधाम-४ स्थित तैनाथी गुठीको उक्त जग्गामा अब महासंघको आफ्नै भवन निर्माण हुने भएको हो । शिलान्यास कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाबाट सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी पत्रकारहरूले आफ्नै भवन निर्माण सुरु हुनु महासंघका लागि ऐतिहासिक उपलब्धि भएको बताए ।

## तपाईको टुडे

मेषः पिछडेको साथी मिल्ने
वृषः खानपानमा समस्या आउने
मिथूनः मित्रतामा फाटो आउने
कर्कटः मनमा पछुतो आउने
सिंहः विचार गरेर बोल्नुहोला
कन्याः अशुभ समाचार प्राप्त हुने
तुलाः आम्दानी हुने
वृश्चिकः शुभ कार्यको शुरुवात
धनुः अनावश्यक चिन्ता
मकरः लामो यात्राको योग छ
कूम्भः अनावश्यक खर्चको संभावना
मीनः पढाईमा ध्यान दिनुपर्ने



## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अमेरिका र इरानबीच सम्झौता

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १५ जेठ



तीन महिनादेखि जारी युद्धलाई ६० दिनका लागि रोक्ने र इरानको आणविक कार्यक्रम सम्बन्धी नयाँ चरणको वार्ता सुरु गर्ने विषयमा अमेरिका र इरानका वार्ताकारहरूबीच एक अस्थायी सम्झौता भएको छ ।

अमेरिकी पक्षबाट उपराष्ट्रपति जेडी भान्सले यस सम्झौताको जानकारी दिए पनि इरानले भने अहिलेसम्म यसको औपचारिक पुष्टि गरेको छैन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई अनुमोदन गर्ने वा नगर्ने विषय अझै स्पष्ट भइसकेको छैन र उनीका अनुसार केही प्राविधिक तथा भाषागत बुँदाहरूमा छलफल जारी रहेकाले अन्तिम सहमति पूर्ण रूपमा टुङ्गिन बाँकी नै छ । यस सम्झौतासँगै रणनीतिक महत्त्वको हर्मुज जलमार्गसम्बन्धी कडा प्रावधानहरू पनि अगाडि सारिएका छन् । नयाँ प्रस्तावअनुसार इरानले उक्त सामरिक जलमार्गमा टोल (शुल्क) असुल गर्ने अधिकार प्रयोग गर्न पाउने छैन र ३० दिनभित्र त्यहाँ राखिएका सबै सैन्य खानीहरू हटाउनुपर्ने व्यवस्था गरिएको छ ।

युद्धका क्रममा इरानले यो जलमार्ग प्रभावकारी रूपमा बन्द गरेपछि विश्व व्यापारमा प्रयोग हुने तेल र ग्यासको करिब पाँचौं भाग प्रभावित भएको थियो । इरानले केही व्यावसायिक जहाजहरूलाई आवतजावत गर्न दिएको दाबी गरे पनि नयाँ औपचारिक नियन्त्रण निकाय स्थापना गरी केही जहाजबाट टोल असुल गरेको कारण यस महिनामा औसत दैनिक जहाज आवागमन युद्धपूर्वको तुलनामा निकै घटेको छ । सम्झौता अन्तिम भएमा अमेरिकाले इरानी बन्दरगाहहरूमा गरेको नौसैनिक दबाब क्रमशः हटाउने र प्रतिबन्धहरू खुकुलो पार्दै इरानलाई थप तेल बिक्री गर्न अनुमति दिने तयारी गरेको छ ।

# महोत्तरी गाउँपालिकामा महिनावारी स्वच्छता दिवस सम्पन्न

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १५ जेठ



महिनावारी स्वच्छता दिवसको अवसर मा महोत्तरी गाउँपालिकामा किशोरी तथा महिलाहरूलाई लक्षित गरी महिनावारी स्वच्छता दिवस सम्पन्न भएको छ। महिनावारी मैत्री समाजको सहकार्य, क्वखभ तजभ ऋजषि मचभल को सहयोग, दलित समाज उत्थान समिति नेपाल को समन्वय तथा महोत्तरी गाउँपालिका को आयोजनामा सम्पन्न कार्यक्रममा दलित तथा सदा समुदायका ८७ जना किशोरी तथा महिलाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा स्थानीय स्वास्थ्यकर्मीहरूले सुरक्षित महिना वारी व्यवस्थापन, सेनिटरी प्याडको सही प्रयोग, व्यक्तिगत सर सफाइ तथा प्रयोग भइसकेका प्याडहरूको सुरक्षित व्यवस्थापनका बारेमा जानकारी प्रदान गरेका थिए। साथै, हात धुने सही विधिबारे व्यवहारि क प्रदर्शन समेत गरिएको थियो। कार्यक्रमको उद्देश्य किशोरी तथा महिलाहरूमा महिनावारी सम्बन्धी विद्यमान भ्रम, विभेद तथा गलत धार णाहरू न्यूनीकरण गर्दै सुरक्षित, स्वस्थ र सम्मानजनक महिनावारी अभ्यासलाई प्रवर्द्धन गर्नु रहेको आयोजकले जनाएको छ। सहभागीहरूलाई महिनावारीका समयमा स्वास्थ्यमा विशेष ध्यान दिनुपर्ने विषय, सरसफाइ कायम र ाख्ने उपाय तथा संक्रमणबाट बच्ने तरिकाबारे जानकारी गराइएको थियो। कार्यक्रम अन्तर्गत "महिनावारीका बेला किशोरीहरू कमजोर हुँदैनन्, उनीहरू सक्षम र सशक्त छन्" भन्ने सन्देश प्रवाह गर्न कबड्डी प्रतियोगिता समेत आयोजना गरिएको थियो। प्रतियोगितामा प्रथम हुने टोलीलाई प्रोत्साहनस्वरूप थप सेनिटरी प्याड वितरण गरिएको थियो। कार्यक्रममा महोत्तरी गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष रञ्जित चौधरी, शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरूको उपस्थिति रहेको थियो। वडा अध्यक्ष चौधरीले किशोरी तथा महिलाको स्वास्थ्य, शिक्षा तथा सम्मानजनक महिनावारी व्यवस्थापन सुनिश्चित गर्न यस्ता जनचेतनामूलक कार्यक्रमहरू प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो।

# महोत्तरीमा विभिन्न कार्यक्रम आयोजना गरी गणतन्त्र दिवस मनाइयो

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १५ जेठ



१९ औँ गणतन्त्र दिवसको अवसरमा महोत्तरीमा प्रभातफेरी सहित विभिन्न कार्यक्रम आयोजना गरी गणतन्त्र दिवस मनाइएको छ ।

जिल्ला स्तरीय गणतन्त्र दिवस समारोह समितिको आयोजनामा शुक्रबार बिहान जलेश्वरमा प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको हो । जलेश्वरस्थित सदरमुकाम क्षेत्रको नगर परिक्रमा गर्दै निकालिएको प्रभातफेरीमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनार, मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डल लगायत विभिन्न स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकायका अधिकारी, सरकारी कार्यालयका कर्मचारी तथा स्थानीयवासीको उल्लेख्य सहभागिता रहेको थियो । प्रभातफेरी सम्पन्न भएपछि सहभागीहरूले शहीदहरूको शालिकमा माल्यार्पण गर्दै लोकतान्त्रिक आन्दोलनमा योगदान दिने सहिदप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए । गणतन्त्र दिवसको अवसरमा जिल्लामा अन्य सचेतनामूलक तथा औपचारिक कार्यक्रमहरू समेत आयोजना गरिएको आयोजक समितिले जनाएको छ । नेपालमा २०६५ साल जेठ १५ गते दुई सय ५० वर्षभन्दा लामो राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गरिएको थियो । सोही ऐतिहासिक दिनको सम्झनामा हरेक वर्ष जेठ १५ गते गणतन्त्र दिवस मनाइँदै आएको छ ।

# ग्यालेक्सी स्कुलमा गणतन्त्र दिवसको रौनक, झलकियो राष्ट्रप्रेम र सृजनशीलता

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १५ जेठ




ग्यालेक्सी सेकेन्ड्री बोर्डिङ स्कुल बजरंग चौक जानकपुरधाम ८ द्वारा गणतन्त्र दिवस २०८३ को अवसरमा विविध शैक्षिक तथा सांस्कृतिक कार्यक्रम भव्य रूपमा सम्पन्न गरि एको छ।विद्यालय परिसरमा आयोजित कार्यक्रममा नर्सरी तथा केजी तहका विद्यार्थीहरूले आफ्ना कक्षा शिक्षकहरूलाई फूलको गुच्छा प्रदान गर्दै सम्मान व्यक्त गरेका थिए। कार्यक्रममा विभिन्न कक्षाका विद्यार्थीबीच खेलकुद तथा राइम्स प्रस्तुति समेत गरिएको थियो।यसै गरी कक्षा १ देखि ७ सम्मका विद्यार्थीहरूका लागि स्टोरी राइटिङ तथा ड्रइङ प्रतियोगिता आयोजना गरि एको थियो भने कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरूबीच "नेपालमा गणतन्त्र" विषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरिएको विद्यालयले जनाएको छ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने प्रथम, द्वितीय तथा तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो। कार्यक्रममा विद्यार्थीहरूको सक्रिय सहभागिताले विद्यालय परिसर उत्साहमय बनेको थियो।कार्यक्रमको अध्यक्षता विद्यालयका प्रिन्सिपल अमरेन्द्र कुमार झा ले गर्नुभएको थियो भने प्रमुख अतिथिका रूपमा श्री गोगल प्रसाद नमूना मावि बसहियाका पूर्व प्रधानाध्यापक राजकुमार मिश्र को उपस्थिति रहेको थियो। कार्यक्रममा गणतन्त्र दिवसको महत्व, शिक्षा र राष्ट्र निर्माणमा विद्यार्थीहरूको भूमिकाबारे समेत चर्चा गरिएको थियो।

# छात्रा फुटबल ट्रफीमाथि केएसएचएसबी मावि खजुरीको कब्जा

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १५ जेठ



केएसएचएसबी मावि खजुरीले छात्रा फुटबल प्रतियोगिता-२०८३ जितेको छ । शुक्रबार मध्यान्ह भएको फाइनल खेलमा मावि गिद्धा बेलापट्टीलाई पेनाल्टी शुटआउटमा पराजित गर्दै केएसएचएसबी माविले ट्रफी उचालेको हो ।

जनकनन्दनी गाउँपालिकाको मैदानमा भएको फाइनल खेलमा केएसएचएसबी माविले पेनाल्टी शुटआउटमा ३ गोल गर्दा मावि गिद्धा बेलापट्टीले एक गोल फर्काएका थिए ।

फाइनल विजेता केएसएचएसबी मावि टोलीलाई जनकनन्दनी गाउँपालिकाका अध्यक्ष दिपिनदेव यादव, प्लान इन्टरनेशनल नेपालका इष्ट रिजिनल कार्यालयका प्रमुख रविशंकर पण्डित, परियोजना व्यवस्थापक रिया इटो लगायतले संयुक्त रुपमा ट्रफी प्रदान गरे । प्रतियोगिताको उपविजेता रहेका मावि गिद्धा बेलापट्टीका खेलाडीहरुलाई पनि ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो । जापानको परराष्ट्र मन्त्रालयको आर्थिक सहयोगमा प्लान इन्टरनेशनल नेपाल र आसमान नेपालले सञ्चालन गरेको प्रतियोगितामा विदेह नगरपालिका र जनकनन्दनी गाउँपालिका गरी ८ वटा माविस्तरीय टोली सहभागी थिए । विजेता टोलीको तर्फबाट जर्सी नम्बर १ का खेलाडीले अग्रता दिलाएकी थिइन् । दोश्रो पेनाल्टी शुट प्रहार गरेकी जर्सी नम्बर १४ का खेलाडीले गोल अग्रतालाई दोब्बर पारिन् भने जर्सी नम्बर ४ का खेलाडीले तेश्रो मौकालाई पनि गोलमा परिणत गर्दै टोलीको जित सुनिश्चित गरेकी थिइन् । गिद्धा बेलापट्टीको तर्फबाट जर्सी नम्बर ३ का खेलाडीले पहिलो पेनाल्टीमै चुकेकी थिइन् । दोश्रो पेनाल्टी शुटलाई जर्सी नम्बर १५ का खेलाडीले गोलमा परिणत गरेर खेलमा फर्किने अवसर प्रदान गरिन् । तर, तेश्रो पेनाल्टी शुटमा जर्सी नम्बर ९ र चौथोमा जर्सी नम्बर १२ का खेलाडीले गोल गर्न चुकेकी थिइन् । फाइनल खेलमा सुरुदेखि नै लयमा देखिएको केएसएचएसबी माविका खेलाडीहरुले निर्धारित समयमा दर्जन बढी प्रहार गरे पनि त्यो गोलमा परिणत हुन सकेको थिएन् । खेल सुरु भएको दोश्रो मिनेटमै गिद्धा बेलापट्टीका खेलाडीले हैण्ड गरेपछि फ्रि किक पाएका केएसएचएसबी माविका खेलाडीहरुले गोल गर्ने सुनौलो मौका गुमाएकी थिइन् ।

त्यसपछि पहिलो हाफमा मात्र ९ पटक गोल गर्ने अवसर पाएपनि केएसएच माविका खेलाडीहरुले फाइदा उठाउन सकेनन् । दोश्रो हाफमा पनि केएसएचएसबी माविका खेलाडीहरुले आक्रमक खेलको प्रदर्शन गर्दै गोल गर्ने मौका बनाए । तर, मावि गिद्धा बेलापट्टीका गोलकिपरको शानदार बचाउले गोल हुन दिएन् । बीच बीचमा मावि गिद्धा बेलापट्टीका खेलाडीले पनि गोल गर्ने मौका बनाएका थिए । फाइनल खेलको म्यान अफ दी म्याच केएसएचएसबी माविकी गोलकिपर अनिता मुखिया भइन् ।

विपक्षी टोलीको तीन प्रहारलाई रोकेर उनी फाइनल खेलको म्यान अफ दी म्याच भइन् । जनकनन्दनी गाउँपालिकाका अध्यक्ष यादवको अध्यक्षतामा भएको समापन समारोहमा प्लान इन्टरनेशनल नेपाल इष्ट रिजिनल कार्यालयका प्रमुख पण्डितले प्रतियोगिता सफल पार्न सहयोग गरेका जनकनन्दनी गाउँपालिका र विदेह नगरपालिकासहित सरोकारवाला सबैमा धन्यवाद ज्ञापन गरे । अभिभावकहरुले खेलाडीको हौसला बढाएका छन्, उनले भने-यसरी अभिभावकको साथ पाउँदा खेलाडीहरु उत्साहित छन् । प्रतियोगिताको समापन गर्दै जनकनन्दनी गाउँपालिकाका अध्यक्ष यादवले यस प्रकारको प्रतियोगिताले छात्रालाई अगाडि बढ्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । जनकनन्दनीको खजुरी फुटबलको उर्वरभूमि रहेको स्मरण गर्दै उनले यस प्रकारको प्रतियोगिताले यसलाई जीवन्त राख्न मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

शिक्षा परियोजना अन्तर्गत छात्रा फुटबल प्रतियोगिता गएको जेठ ८ गतेदेखि विदेह नगरपालिका र जनकनन्दनी गाउँपालिकाको आयोजनामा सुरु भएको थियो । उक्त परियोजना अन्तर्गत सन् २०२४ देखि छात्राहरूका लागि विशेष खेलकुद मञ्चका रूपमा बालिका फुटबल प्रतियोगिता आयोजना गरिएको आसमान नेपालका कार्यक्रम व्यवस्थापक दिलिप यादवले बताए ।

तेस्रो वर्षमा पुगेको प्रतियोगिताले बालिकाहरूलाई खेलकुदमार्फत आत्मविश्वास, नेतृत्व क्षमता तथा सार्वजनिक पहिचान निर्माण गर्ने अवसर प्रदान गरिरहेको आयोजकको दावी छ। आयोजकका अनुसार यो प्रतियोगिता केवल खेलकुद कार्यक्रम नभई बालिकाहरूको सशक्तीकरण र सामाजिक समर्थन विस्तार गर्ने अभियान पनि रहेको छ ।

# संविधान संशोधन : बेवारिसे नबनुन् जनताका सुझाव

-सरकारले संविधान संशोधनका लागि नागरिकबाट प्रत्यक्ष सुझाव माग्नु ऐतिहासिक अवसर हो, जसले प्रत्यक्ष प्रजातन्त्रको अभ्यासलाई बलियो बनाउँछ। तर विगतमा जनताका सुझाव बेवारिसे बनाइएको तीतो अनुभव दोहोरिन नदिन सुझाव संकलन, विश्लेषण र कार्यान्वयनमा पारदर्शिता र इमान्दारिता आवश्यक छ । सुझावलाई सम्मानपूर्वक समेटेर संविधानलाई साँच्चिकै जनताको दस्तावेज बनाउन सरकार गम्भीर र उत्तरदायी बन्नुपर्छ।

वर्तमान सरकारले संविधान संशोधनका लागि आम नागरिकबाट प्रत्यक्ष सुझाव माग गरेको छ । 'संविधान संशोधन सुझाव समिति' ले इमेलमार्फत राय, विचार र दृष्टिकोण पठाउन नेपाली नागरिकलाई आग्रह गरेको छ । सार्वभौमसत्ता सम्पन्न नागरिक आफैंले देशको मूल कानुन कस्तो हुनुपर्छ भनी सिधै सुझाव दिन पाउनु दुर्लभ र ऐतिहासिक अवसर हो । परम्परागत रूपमा हाम्रा प्रतिनिधि बस्ने संसद् वा व्यवस्थापिकाले मात्रै कानुन बनाउने वा संशोधन गर्ने परिपाटी चलिरहेको सन्दर्भमा जनताको ढोकामै पुगेर 'संविधानमा के सुधार गरौं ?' भनी सोधिनुले प्रत्यक्ष प्रजातन्त्रको आभास हुन्छ । तर, नेपालको इतिहास अनि विश्वव्यापी अनुभव हेर्दा यो प्रक्रिया जति उत्साहजनक देखिन्छ, कार्यान्वयन र इमान्दारितामाथि उति नै ठूलो प्रश्नचिह्न र चुनौती पनि तेर्सिन्छन्। नेपालको इतिहास पल्टाएर हेर्ने हो भने शासन सञ्चालन वा कानुन निर्माणमा राज्यले जनताको राय लिने परिपाटी विरलै पाइन्छ ।

हाम्रा शासकले रैती वा नागरिकलाई सधैं 'आदेशपालक' का रूपमा हेरे, 'साझेदार' का रूपमा स्वीकार गरेनन् । नेपाल एकीकरण गर्ने राजा पृथ्वीनारायण शाहले युद्ध, कर निर्धारण वा महत्त्वपूर्ण प्रशासनिक नियुक्तिमा जनतासँग परामर्श गरेको इतिहासमा उल्लेख छ ।

विशेषगरी थरघर र भद्रभलाद्मीसँग सल्लाह लिने अनि 'प्रजा मोटा भए दरबार बलियो हुन्छ' भन्ने उनको दिव्य उपदेशले भन्थ्यो- जनभावनाको कदर गर्नुपर्छ । नेपालको इतिहासमा आधुनिक राजनीतिक प्रणालीबारे जनताको सिधा मत मागिएको पहिलो र सबैभन्दा ठूलो ऐतिहासिक घटना थियो- विसं २०३६ को जनमत संग्रह । राजा वीरेन्द्रले 'सुधारिएको पञ्चायती व्यवस्था' कि 'बहुदलीय व्यवस्था' रोज्ने भनी जनतालाई प्रत्यक्ष मत हाल्न लगाएका थिए। यो नीतिगत रूपमा जनताको सुझाव माग्ने प्रत्यक्ष प्रजातन्त्रकै एउटा रूप थियो, यद्यपि यसको निष्पक्षतामाथि तत्कालीन समयमा धेरै प्रश्न उठेका थिए । विसं २०४७ को संविधान निर्माणका क्रममा सुझाव संकलन आयोग गठन गरी जनताका राय संकलन त गरियो तर ती सुझाव शक्ति केन्द्रहरूको स्वार्थका अगाडि ओझेल परे ।

सबैभन्दा निकट र तीतो अनुभव छ- विसं २०७२ को संविधान निर्माणका बेलाको । संविधानसभाले नयाँ संविधानको मस्यौदा तयार पारेपछि देशैभरि टोली खटाएर र अनलाइन माध्यमबाट लाखौं नागरिकबाट सुझाव संकलन गरेको थियो । जनताले स्वत:स्फूर्त नै



मस्यौदामाथि असहमति र सुधारका क्षेत्र बुझाएका थिए । तर विडम्बना, ती सुझावलाई राजनीतिक दलका शीर्ष नेताहरूले एउटा कुनामा थन्क्याइदिए । जनताले दिएका धेरैजसो सुझाव (जस्तै: शासकीय स्वरूप, धर्मनिरपेक्षता वा संघीयताका विषयमा) लाई वास्तै नगरी शीर्ष नेताहरूको 'ह्वीप' र 'सहमति' का आधारमा संविधान जारी गरियो । नागरिकका सुझाव अन्तत: 'बेवारिसे' बनेको त्यो इतिहासले आज पनि जनतामा अविश्वास पैदा गरिरहेको छ ।

विश्व इतिहासमा पनि प्रत्यक्ष सुझाव र संविधान निर्माणका अनुकरणीय उदाहरण छन् । कतिपय देशले संविधान निर्माण वा संशोधन गर्दा नागरिकको प्रत्यक्ष सुझाव र सहभागितालाई मूल मन्त्र बनाएका छन् । यसले संविधानको स्वीकार्यता र दिगोपन बढाउँछ ।

वर्तमान सरकारको यो आह्वान ऐतिहासिक अवसर हो कि प्रचारबाजी मात्रै ? सरकारले चालेको यो कदम सिद्धान्तत: अत्यन्तै सराहनीय र स्वागतयोग्य छ। डिजिटल युगमा इमेलमार्फत प्रत्येक नागरिकलाई विचार राख्न दिनुले राज्य र नागरिकबीचको दूरी कम गर्छ । यसले दूरदराजमा रहेका, राजनीतिक पहुँच नभएका तर बौद्धिक र देशको चिन्ता गर्ने नेपालीलाई राज्य पुनर्निर्माणको हिस्सेदार बनाउँछ । तर, यो प्रक्रियालाई लिएर नागरिक वृत्तमा केही गम्भीर संशय पनि उत्पन्न भएका छन्, जसको निराकरण सरकारले बेलैमा गर्नुपर्छ :

१. सुझावको वर्गीकरण र विश्लेषण : यो कसरी हुन्छ ? लाखौंको संख्यामा आउने इमेल र सुझावलाई कुन विधिद्वारा वर्गीकरण गरिन्छ ? सुझाव संकलन समितिले संकलन गरेका प्रत्येक इमेलको वस्तुनिष्ठ अध्ययन गर्न सरकार सक्षम छ ? कतै यो प्रक्रिया 'हामीले जनतासँग पनि सोधेका थियौं' भन्ने प्राविधिक औपचारिकता पूरा गर्ने हतियार मात्रै त बन्ने होइन ?

२. संसदीय गणित र राजनीतिक सहमति : नेपालको वर्तमान संविधान संशोधन गर्न संसद्मा दुईतिहाइ बहुमत आवश्यक पर्छ। जनताले जतिसुकै उत्कृष्ट सुझाव दिए पनि यदि संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलबीच त्यस विषयमा सहमति बनेन भने ती सुझाव रद्दीको टोकरीमा पुग्ने निश्चित छ । सरकारले संसद्भित्रका अन्य दललाई विश्वासमा नलिई सुरु गरेको यो प्रक्रिया राजनीतिक स्टन्ट वा प्रचारबाजीमा मात्रै सीमित हुने खतरा पनि उत्तिकै छ ।

३. डिजिटल विभाजन : इमेलमार्फत सुझाव मागिँदा नेपालको त्यो ठूलो जनसंख्या, जो अझै पनि प्रविधिको पहुँचभन्दा बाहिर छ, अथवा जो इन्टरनेट र इमेल चलाउन जान्दैन, उसको आवाज कसरी सुन्ने ? कर्णालीका दूरदराजका गाउँ वा मधेशका विपन्न बस्तीका नागरिकको भावना यो इमेल प्रविधिले समेट्न सक्छ कि सक्दैन ?

संविधान कुनै जड दस्ताबेज होइन, एक जीवन्त दस्ताबेज हो। समय र नागरिकको चेतनाको विकाससँगै यसमा परिमार्जन हुनु अपरिहार्य छ । वर्तमान सरकारले संविधान संशोधनका लागि नागरिकको सुझाव माग्नु प्रत्यक्ष प्रजातन्त्रको एउटा बलियो इँटा थप्ने प्रयास हो । यसले नागरिकलाई रैतीबाट वास्तविक 'नागरिक' र 'सार्वभौमसत्ताका मालिक' भएको अनुभूति गराउँछ। तर, सरकार र सुझाव संकलन समितिले यो बुझ्नु जरुरी छ कि जनताले दिने सुझाव अक्षरहरू मात्रै होइनन्, ती यो देशको सुशासन, समृद्धि र स्थायित्वका लागि व्यक्त गरिएका नागरिकका सपना र अपेक्षा हुन्। विगतमा संविधानसभाका बेला लाखौं सुझावलाई बेवारिसे बनाइएको तीतो इतिहास यस पटक दोहोरिनु हुँदैन । सरकारले संकलन गरेका सुझावको एउटा श्वेतपत्र जारी गरी कुन-कुन सुझाव कति प्रतिशत नागरिकले दिए ? तीमध्ये कुन-कुन सुझावलाई संविधानको परिमार्जित मस्यौदामा समावेश गरियो ? यो विषय पारदर्शी रूपमा सार्वजनिक गर्नुपर्छ ।

**साभार : कान्तिपुर ।**


## बिमालेख हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको बिमालेख हराएको हुँदा फेला पार्ने महानुभावले एल.आई.सि. नेपालको कुनै पनि शाखा कार्यालय वा तलको ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

**तपसिल**


**नाम :** Roshani Kumari Sah
बिमालेख नम्बरः 255103314
ठेगाना : रामगोपालपुर-८, महोत्तरी
सम्पर्क नं. : 9804843548

## बिमालेख हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको बिमालेख हराएको हुँदा फेला पार्ने महानुभावले एल.आई.सि. नेपालको कुनै पनि शाखा कार्यालय वा तलको ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

**तपसिल**

**नाम :** Kishun Dev Sah
बिमालेख नम्बरः 255103315
ठेगाना : रामगोपालपुर-८, महोत्तरी
सम्पर्क नं. : 9804843548



"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"





सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday